# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०६।२९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, जनकपुरधाम उप-महानगरपालिका-१३ नं. वडा कार्यालयका कार्यालय सहयोगी दिलिप कुमार पंजियारले नागरिकता प्रमाणपत्रको सिफारिस गराइदिए बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटि गएको टोलीले निज दिलिप कुमार पंजियारलाई सेवाग्राहीबाट रु.२४,०००।- (चौबीस हजार) घुस/रिसवत रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा जनकपुरधाम उप-महानगरपालिका- १३ नं. वडा कार्यालयका वडा अध्यक्ष शुभ नारायण मण्डल र कार्यालय सहयोगी दिलिप कुमार पंजियारले मिलेमतो गरी सेवाग्राहीको नागरिकता बनाउन वडाबाट सिफारिस पत्र दिने प्रयोजनको लागि वडा अध्यक्ष शुभ नारायण मण्डलले भनेअनुसार दिलिप कुमार पंजियारले घुस रकम बार्गेनिङ गरी रु. २४,०००।— घुस/रिसवत लिएको तथ्य स-प्रमाण पुष्टि हुन आएकोले निज शुभ नारायण मण्डल र दिलिप कुमार पंजियारको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको हुँदा निजहरुलाई जनही रु. २४,०००।— (चौबीस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता<br>
तारानाथ अधिकारी